# संक्रमणको विशेष अवस्थामा परीक्षा (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी मापदण्ड, २०७८

**प्रस्तावनाः**

विश्वमा महामारीको रुपमा फैलिएको कोरोना भाइरस संक्रामक रोगबाट सृजना हुन सक्ने स्वास्थ्य जोखिमलाई मध्यनजर गरी यस प्रदेश लोक सेवा आयोगबाट सञ्चालन हुने प्रतियोगितात्मक परीक्षालाई प्रभावकारी र व्यवस्थित रुपमा सञ्चालन गर्न वाञ्छनीय भएकोले,

प्रदेश लोक सेवा आयोग, प्रदेश नं. १ ले यो मापदण्ड बनाई लागू गरेको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस मापदण्डको नाम **"संक्रमणको विशेष अवस्थामा परीक्षा (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी मापदण्ड,** २०७८ रहेको छ ।

(२) यो मापदण्ड आयोगबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. <u>परिभाषाः</u> (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क) "आयोग" भन्नाले प्रदेश लोक सेवा आयोग, प्रदेश नं. १ सम्झनुपर्छ ।

(ख) "परीक्षा" भन्नाले प्रदेश निजामती सेवा, स्थानीय सरकारी सेवा अन्य प्रदेश संगठित संस्थाको पदमा पदपूर्तिका लागि लिइने लिखित परीक्षा, प्रयोगात्मक/सीप परीक्षण, अन्तर्वार्ता, सामुहिक छलफल, प्रस्तुतिकरण लगायतका कामहरु सम्झनुपर्छ ।

(ग) "जनशक्ति" भन्नाले परीक्षासँग सम्बन्धित काममा खटिने कर्मचारी तथा सो काममा खटिने अन्य व्यक्ति सम्झनु पर्दछ ।

(घ) "सचिव" भन्नाले प्रदेश लोक सेवा आयोग, प्रदेश नं. १ का प्रदेश सचिवलाई सम्झनु पर्दछ।

३. परीक्षा सञ्चालन तथा व्यवस्थापनः कोरोना भाईरस संक्रमणको अवस्थालाई मध्यनजर गरी आयोगबाट सञ्चालन हुने परीक्षा देहाय बमोजिम सञ्चालन गर्नुपर्नेछः

**(क) <u>परीक्षा केन्द्र र जनशक्ति व्यवस्थापनः</u>**

(१) सामान्यता दुइसय जना परीक्षार्थीको लागि एक परीक्षा केन्द्र कायम गर्ने। एउटा परीक्षा हल/कोठामा बढीमा तीस परीक्षार्थीहरु रहने गरी व्यवस्थापन गरिनेछ।

(२) सामान्यतया एउटा भवनमा तीन भन्दा बढी परीक्षा केन्द्र राखिने छैन तर पर्याप्त स्थान/भवन भएको अवस्थामा सोही स्थानमा तीन भन्दा बढी केन्द्र पनि राख्न सकिनेछ ।

(३) एक परीक्षा केन्द्रमा एकजना केन्द्राध्यक्ष, एकजना उपकेन्द्राध्यक्ष, प्रति तीसजना परीक्षार्थीमा एकजना सहायक केन्द्राध्यक्ष, एकजना समन्वयकर्ता, प्रति २० जना परीक्षार्थी बराबर एक जना निरीक्षक तथा तीन जना सहयोगी जनशक्ति खटाइने छ।

(४) परीक्षा केन्द्रमा तोकिएको जनशक्तिले अपुग भई परीक्षा सञ्चालन गर्न कठिनाई भएमा सो को कारण सचिवको स्वीकृति लिई केन्द्राध्यक्षले थप जनशक्ति परिचालन गरी परीक्षा सञ्चालन गर्न सक्नेछ।

**(ख) <u>केन्द्राध्यक्षले गर्नुपर्ने कामः</u>**

(१) परीक्षामा खटिने जनशक्तिलाई यस कार्यविधिको पालना गर्ने/गराउने सम्बन्धमा परीक्षा सञ्चालन पूर्व आवश्यक अभिमुखीकरण गर्ने ।

(२) परीक्षामा खटिने जनशक्तिहरुलाई स्वास्थ्य सुरक्षा मापदण्ड अनिवार्य रूपमा पालना गर्न, मास्क, पञ्जा लगाउन लगाउने एवं स्यानिटाइजरको प्रयोग गर्न लगाउने।

(३) परीक्षार्थीहरुलाई अनिवार्य रूपमा परीक्षा अवधिभर मास्क लगाउन, स्यानिटाइजरको प्रयोग गर्न भौतिक दूरी कायम गर्न लगाउने।

(४) सामान्यतय एउटा बेन्चमा दुईजना मात्र परीक्षार्थी राख्ने । भौतिक पूर्वाधार हेरी सकेसम्म एक परीक्षार्थी र अर्को परीक्षार्थीका बीच दुई मिटर दुरी रहने गरी परीक्षार्थीको सिट प्लान गर्ने व्यवस्था मिलाउने।

(५) जनशक्तिको अभाव/अनुपस्थितिमा उपकेन्द्राध्यक्षले सहायक केन्द्राध्यक्षको समेत जिम्मेवारी निर्वाह गर्ने।

(६) परीक्षा केन्द्रमा हात धुनका लागि साबुन पानी वा स्यानिटाइजरको व्यवस्था गर्ने।

(७) परीक्षा केन्द्रमा अनावश्यक भिडभाड हुन नदिने व्यवस्था मिलाउने।

(८) परीक्षा सञ्चालन गर्दा भएको फोहोरको उचित व्यवस्थापन गर्ने, गराउने ।

(९) उत्तरपुस्तिका बुझाउनु अगाडि उम्मेदवारहरुलाई उत्तरपुस्तिकाको खाली पानामा काट्न लगाउने।

(१०) आकस्मिक प्रयोजनको लागि प्रति परीक्षा केन्द्र ५० थान मास्क, ५०० एम. एल. स्यानिटाइजर र सावुन जस्ता अत्यावश्यक स्वास्थ्य सामग्री आयोगबाट व्यवस्था मिलाउने ।

(११) प्रयोग भए नभएका सामग्रीहरुको लगत राखी प्रयोग नभएका सामग्रीहरु अनिवार्यरुपमा फिर्ता गर्ने ।

(१२) परीक्षा सुरु हुन ३० मिनेट अघि परीक्षार्थी प्रवेश घण्टी लगाउने ।

**(ग) <u>परीक्षामा खटिने जनशक्तिले गर्नुपर्ने कामः</u>**

(१) परीक्षामा खटिने जनशक्तिले भिडभाड नगरी कार्यालयबाट उपलब्ध गराईएको स्वास्थ्य सुरक्षा सामग्री मास्क, ग्लोब्स र स्यानिटाइजर आदिको प्रयोग अनिवार्यरुपमा प्रयोग गर्ने ।

(२) परीक्षामा खटिने उपकेन्द्राध्यक्षले सम्बन्धित सबैले सुरक्षा सावधानी (मास्क, स्यानिटाइजर प्रयोग) अपनाए, नअपनाएको निरीक्षण गरी सुरक्षा सतर्कता अपनाउन अभिप्रेरित गर्ने ।

(३) एक आपसमा २ मिटरको दूरी पालना गर्ने गरी परीक्षार्थीलाई परीक्षा हलमा प्रवेश गराउने तथा आसन व्यवस्था मिलाउने।

(४) प्रश्नपत्र खोल्दा, उत्तरपुस्तिका वितरण गर्दा, हाजिरी गराउँदा, प्रश्नपत्र वितरण, उत्तरपुस्तिका चेकजाँच गर्दा, थप उत्तरपुस्तिका वितरण गर्दा, उत्तरपुस्तिका बुझिलिँदा संक्रमण हुन सक्ने भएकोले उच्च सतर्कता अपनाउने ।

(५) उम्मेदवारसँगको दूरी कायम गरी (मास्क समेत खोल्न लगाई) उम्मेदवारको पहिचान एकिन गरी उत्तरपुस्तिकामा सहायक केन्द्राध्यक्षले दस्तखत गर्ने ।

(६) कागजातहरु छोईसके पश्चात् प्रत्येक पटक हात धुने वा स्यानिटाइजरको प्रयोग गर्ने ।

(७) परीक्षामा खटिने जनशक्ति कम्तीमा एक घण्टा तीस मिनेट अगावै परीक्षा केन्द्रमा प्रवेश गरिसक्नु पर्ने ।

(८) खटाईएका जनशक्ति अनिवार्य रुपमा परीक्षा केन्द्रमा खटिनु पर्ने। परीक्षामा खटाइएका जनशक्तिले कुनै वाहना वनाई परीक्षामा नखटिने, ढीला जाने जस्ता कार्य गर्न पाईने छैन।

(९) परीक्षा सञ्चालनमा खटाइएका जनशक्तिले केन्द्राध्यक्षलाई पूर्ण रुपमा सहयोग गर्नुपर्ने ।

(१०) परीक्षामा अनुगमन तथा सुपरीवेक्षण गर्न आउने व्यक्तिहरु एक पटकमा एकजना मात्र प्रवेश गर्नुपर्नेछ ।

**(घ) <u>परीक्षार्थीले पालना गर्नुपर्ने विषयहरुः</u>**

(१) परीक्षा केन्द्रमा प्रवेश गर्नुअघि उम्मेदवार स्वयमले कम्तिमा मास्क, स्यानिटाइजर तथा आफ्नो लागि खानेपानीको अनिवार्य व्यवस्था गर्नु पर्ने ।

(२) परीक्षार्थीले परीक्षा शुरु हुनु एक घण्टा अगावै परीक्षा केन्द्रमा आइपुग्नु पर्ने।

(३) उम्मेदवारले परीक्षा केन्द्रमा प्रवेश गर्दा र निस्कदा भिडभाड नगरीकन एकापसमा दुई मिटरको दुरी कायम गर्नुपर्ने ।

(४) परीक्षामा खटिएका जनशक्तिले दिएको निर्देशनको पूर्ण पालना गर्नु पर्ने ।

(५) परीक्षार्थीहरु परीक्षा केन्द्रमा प्रवेश गर्दा, बाहिर निस्कँदा, शौचालय प्रयोग गर्नुपर्दा भिडभाड नगरिकन भौतिक दूरी कायम गरी क्रमैसँग तोकिएको स्थानमा जानुपर्ने।

(६) परीक्षार्थीहरु समूहमा भेला हुने र एक आपसमा कुराकानी गर्न पाउने छैनन्।

(७) उत्तरपुस्तिका बुझाउँदा उत्तरपुस्तिकामा रहेको खाली स्थान काटी बुझाउनु पर्ने।

(८) परीक्षार्थीले उत्तरपुस्तिका बुझाउँदा आफ्नो उत्तरपुस्तिका गन्ति गरी उत्तरपुस्तिका बुझाई हस्ताक्षर गरी बाहिर जानुपर्नेछ।

**(ङ) <u>परीक्षा केन्द्र/विद्यालय/कलेजले स्वास्थ्य सम्बन्धमा ध्यानदिनुपर्ने विषयहरुः</u>**

(१) परीक्षा केन्द्रले परीक्षार्थीलाई हात धुनको लागि साबुन पानीको व्यवस्था गरी सहयोग गर्नु पर्ने ।

(२) परीक्षा केन्द्र र परीक्षा कोठाको प्रवेशद्वार फराकिलो हुनेगरी खोलिदिनु पर्ने साथै परीक्षा हुने कोठाका झ्याल-ढोका पूर्ण रुपमा खोलिदिनु पर्ने ।

(३) विद्यालय/कलेजबाट परीक्षा केन्द्रमा खटाइएका जनशक्तिलाई स्वास्थ्य सुरक्षाका लागि अपनाउनुपर्ने सतर्कता सम्बन्धमा अभिमुखीकरण गरी यो मापदण्ड पालना गर्न लगाउने ।

४. **<u>सुरक्षा सामाग्री उपलब्ध गराउनुपर्नेः</u>** परीक्षा सञ्चालनको लागि परीक्षामा खटिने जनशक्तिलाई आवश्यक पर्ने सुरक्षा सामग्रीहरु (मास्क, सेनिटाइजर, ग्लोब्स, साबुन आदि) आयोगले उपलब्ध गराउनु पर्नेछ।

५. **<u>अनुगमन तथा निरीक्षणः</u>** (१) यस मापदण्डको पालना भए नभएको सम्बन्धमा आयोगका पदाधिकारी, सचिव तथा तोकिएको सुपरीवेक्षकले अनुगमन तथा निरीक्षण गरी आवश्यक निर्देशन दिन सक्नेछन्।

(२) उपदफा (१) बमोजिम अनुगमन तथा निरीक्षण गरी दिएको निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

७. **<u>थप व्यवस्था गर्न सक्नेः</u>** यस मापदण्डको विपरीत नहुने गरी आयोगका सचिवले परीक्षा सञ्चालन तथा व्यवस्थापनका सम्बन्धमा थप व्यवस्था गर्न सक्नेछ ।

८. **विविधः**

(१) आयोगबाट सञ्चालन हुने प्रयोगात्मक/सीप परीक्षण सम्बन्धी परीक्षा, अन्तर्वार्ता, सामुहिक छलफल, प्रस्तुतीकरण लगायतका कार्य सञ्चालन गर्दा समेत स्वास्थ्य सुरक्षासँग सम्बन्धित विषयमा यसै मापदण्ड बमोजिम पालना गर्नुपर्नेछ ।

(२) यस मापदण्डमा उल्लेख भए बाहेकका विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

९. **<u>मापदण्डको पालना गर्नुपर्नेः</u>**

(१) नेपाल सरकारद्वारा कोरोना भाइरस संक्रमण सम्बन्धी जारी जनस्वास्थ्य मापदण्ड तथा यस मापदण्डको पालना गर्नु परीक्षामा खटिने जनशक्ति, परीक्षा केन्द्र, विद्यालय/कलेज, विद्यार्थी तथा सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

(२) परीक्षा संचालनको क्रममा संक्रामक रोग नियन्त्रण तथा रोकथामसँग सम्बन्धित नेपाल सरकारवाट जारी गरिएका सबै मापदण्डहरु पालना गर्नु पर्नेछ ।

(३) परीक्षा संचालनको क्रममा परीक्षा हुने जिल्लाको जिल्ला प्रशासन कार्यालयबाट जारी गरिएको/तोकिएको सबै मापदण्डको पालना गर्नु पर्नेछ।